# खनियावास गाँउपालिकाको

# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण प्रतिवेदन, फागुन, २०७६

**खनियावास गाँउपालिका**

**गाँउ कार्यपालिकाको कार्यालय, दार्खा**

**धादिङ जिल्ला**

**वागमति प्रदेश**

**नेपाल**

**पृष्ठभूमि :**

नेपालको संविधानको प्रस्तावनामा नै लैङ्गिक समानता र सामाजिक समावेशीकरणलाई आत्मसात गरिएको छ भने यसलाई मौलिक हक र राज्यका निर्देशिक सिद्धान्तहरुमा पनि व्याख्या गरिएको छ । नेपाल सरकारको नीति, कार्यक्रम तथा बजेट वक्तव्यहरु र विभिन्न कानूनी दस्तावेजहरुमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका मुद्दाहरूलाई सम्बोधन गर्दै राष्ट्रिय प्राथमिकतामा राखिएको छ । यसै कार्यलाई गाउँपालिकामा कार्यान्वयन गर्न महिला तथा बञ्चितीमा परेको वर्गहरुलाई विकासको मूलप्रवाहमा ल्याई समावेशी विकास गर्न विभिन्न सरोकारवाला निकायहरुले विभिन्न प्रयास गर्दै आइरहेका छन् ।

विकेन्द्रित प्रकृया अनुरुप स्थानीय स्तरको योजना र कार्यक्रम तर्जुमाका सबै चरणमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण एवम् मूलप्रवाहीकरणका प्रकृयामा आवश्यक समन्वय कायम गराउनुका साथै सहकार्यका लागि प्रतिवद्धता व्यक्त भएका छन । लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कायम गर्न स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार स्थानीय तहले आफ्नो क्षेत्रका विकासका लागि आवधिक र बार्षिक योजना तर्जुमा गर्दा महिला र बालबालिका तथा पिछडिएको समुदायको विकासको लागि आयमूलक तथा सीपमूलक कार्यक्रमहरुलाई प्राथमिकता दिनुपर्ने व्यवस्था छ ।

गाउँपालिकामा लैङ्गिक तथा समावेशी विकास पक्षलाई विकास एवं प्रवर्धन गर्न लैङ्गिक समानता तथा सामाजिक समावेशी बजेट परीक्षण कार्यविधि २०७६ स्वीकृत गरी कार्यान्वयनमा ल्याईएको छ ।

यस कार्यविधिले स्थानीय स्तरमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका विषयमा सैद्धान्तिक तथा व्यवहारिक ज्ञान दिलाई गाउँपालिकामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मैत्री योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन र अनुगमन गर्ने कार्यमा सहयोग पुऱ्याउने विश्वास लिईएको छ ।

## २. विधि

लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट परीक्षण गर्न सहभागितामुलक प्रकृया अवलम्बन गरिएको थियो विशेषगरी यो परिक्षण कार्यमा निम्न लिखित विधिहरुको प्रयोग गरिएको थियो ।

**क) दस्तावेजहरुको अध्ययन** ( Documents review ) :

- गाउँपालिकाको आवधिक योजना
- वार्षिक योजना
- बार्षिक प्रगति समिक्षा प्रतिवेदन
- गा.पा. अनुगमन तथा मूल्यांकन कार्यदलको प्रतिवेदन
- अन्य समितिहरुको बैठक माइन्युटहरु

**ख) सहभागीतामूलक १ दिने गोष्ठी** :

- गाउँपालिकाको शाखागत प्रमुखहरु
- गा.पा. सदस्य तथा पदाधिकारीहरु
- अन्य सरेकारवाला व्यक्तिहरु

**ग) मुख्य सूचकहरुसागको अन्तरवार्ता** ( Key Informants Interview ) :

- गा.पा. शाखागत प्रमुखहरुसँग अन्तरवार्ता
- गा.पा. उपाध्यक्ष र प्रमुख प्रसाशकिय अधिकृतसँग अन्तरवार्ता

**घ) समुह छलफल तथा स्थलगत भ्रमण** (Focuse Group Discussion) :

- लक्षित समुहकालागि विनियोजित बजेट तथा कार्यक्रम कार्यान्वयन भएका १ वटा आयोजना स्थलको भ्रमण तथा सम्बन्धित उपभोक्ता समिति सदस्यहरुसँग अन्तकृया ।

**अनुसूची १**

**लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणका सूचकहरु**

**(GESI Audit)**

**नोट : ० = शुन्य, ०.५ = ठिकै, १ = राम्रो**

| क्र.स. | सूचक र उप-सूचकहरू | अंक | प्राप्ताङ्क | पुष्ट्याई को आधार | कैफियत |
|---|---|---|---|---|---|
| १ | कानुन तथा नीतिमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण | ७ | ३ | | |
| क | गाउँपालिकाले तर्जुमा गर्ने कानुन (ऐन, नियम, निर्देशिका, कार्यविधि, मापदण्ड), नीति/रणनीति तयार गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको दृष्टिले सहभागिता हुने गरेको छ वा छैन ? | ० - १ | १ | ऐन कानुन, कार्यविधि समितिको बैठक, माइन्युट । | |
| ख | कानुन तथा नीति निर्माणको क्रममा लाभग्राही विशेषतः महिला तथा सामाजिकरुपमा बञ्चितिमा परेको समुदायको सुझाव लिईएको छ वा छैन ? | ० - १ | ०.५ | छलफल भएको फोटो, माइन्युट । | |
| ग | हालसम्म स्वीकृत भएका कानुनहरु र नीतिहरुका बारेमा पदाधिकारी तथा कर्मचारीहरुका लागि अभिमुखिकरण भएको छ वा छैन र समान बुझाई छ वा छैन ? | ० - १ | ० | | |
| घ | स्वीकृत भएका कानुन र नीतिहरु वेवसाइटमा राखिएको साथै प्रकाशन गरी सवैको पहुँचमा हुने गरी पालिकाका सम्वन्धित शाखाहरु र वडा कार्यालयमा राखिएको छ वा छैन ? | ० - १ | ०.५ | वेवसाइटमा अपडेट भएको । | |
| ङ | गाउँपालिकाको लैससास नीति छ वा छैन ? तर्जुमा गरिएको भए लाभग्राही विशेषतः महिला तथा सामाजिकरुपमा बञ्चितिमा परेको समुदायसंग छलफल गरी सुझाव समावेश गर्ने गरिएको छ वा छैन ? | ० - १ | ०.५ | नीति तयार भएको । | |
| च | महिला तथा सामाजिकरुपमा बञ्चितिमा परेको समुदायहरु लक्षित गरी छुट्टै नीति, निर्देशिका वा कार्यविधिहरु वनेका छन् वा छैनन् ? (जस्तै अपांगता मैत्री, वालमैत्री, लैङ्गिक मैत्री, दलित वा जोखिममा परेको र अन्य समुदायको सामाजिक तथा आर्थिक रुपान्तरणका लागि वनाइएको नीति कार्यविधिहरु) | ० - १ | ०.५ | अपाङता नीति, लैससास कार्यविध । | |
| छ | गाउँपालिकामा हुनसक्ने सबै प्रकारका विभेद / दुर्व्यवहार (जस्तै यौनजन्य, जातीय र महिला हिंसा नियन्त्रण, समान कामका लागि समान ज्यालाको लागि नीति बनाएर लागु गरिएको छ वा छैन ? | ०–१ | ० | | |
| २ | **लैससास विश्लेषणमा आधारित योजना तर्जुमा** | ७ | ४ | | |

| क्र.स. | सूचक र उप-सूचकहरू | अंक | प्राप्ताङ्ग | पुष्ट्याई को आधार | कैफियत |
|---|---|---|---|---|---|
| क | आवधिक योजनाको उद्देश्य, रणनीति तथा नतिजामा लैगिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहको आर्थिक तथा सामाजिक हैसियतमा परिवर्तन एवम् रुपान्तरण ल्याउने गरी स्पष्टरुपमा उल्लेख गरिको छ वा छैन ? | ०–१ | १ | आवधिक योजना तयार र वेवसाइटमा राखेको । | |
| ख | आवधिक तथा क्षेत्रगत योजना (जस्तै स्वास्थ्य, शिक्षा, खानेपानी, कृषि, विपत जोखिम व्यवस्थापन आदि) तर्जुमा गर्दा गाउँ पार्श्वचित्रवाट प्राप्त लिङ्ग, उमेर, भूगोल, जातजाति, भाषा, सस्कृति, वर्ग, अपाङ्गता भएका व्यक्ति आदि अनुसारको छुट्टाछुट्टै अवस्था विश्लेषण गरि आवश्यकता पहिचान गर्ने गरिएको छ वा छैन ? | ०–१ | १ | छ, perp.softwel.com | |
| ग | आवधिक, क्षेत्रगत, लैससास नीती अनुरुप वार्षिक नीती तथा कार्यक्रम वनाइने गरेको छ वा छैन ? यस्ता नीति र वार्षिक कार्यक्रम वीचको तादम्यता छ वा छैन ? | ०–१ | ०.५ | ग.पा. वार्षिक नीती तथा कार्यक्रम । | |
| घ | वार्षिक योजना तर्जुमा गर्दा लैङ्गिक उत्तरदायी बजेट (GRB) तर्जुमा प्रक्रिया अवलम्बन गरी कार्ययोजना तयार गर्ने गरिएको छ ? | ०–१ | ० | | |
| ङ | बस्तीस्तरको योजना तर्जुमा प्रक्रियामा सबै प्रकारका लिङ्ग र समुदायको अर्थपूर्ण सहभागिता हुने गरेको छ वा छैन ? | ०–१ | ०.५ | वार्ड भेला, फोटो, माइन्युट । | |
| **च** | बार्षिक कार्यक्रम तर्जुमा गर्दा विषयगत समिति अनुसार छुट्याईएको बजेट र कार्यक्रममा लैससासलाई स्पष्ट रुपमा संवोधन गर्ने गरी विषयगत कार्यकमहरु तयार गरिएको छ वा छैन ? | ०–१ | ०.५ | गा.पा.को बार्षिक योजना तथा बजेट बुक । | |
| छ | बञ्चितिकरण र जोखिममा परेका व्यक्ति र समुदायको लागि विशेष कार्यक्रम तथा बजेट तय भएको छ वा छैन ? | ०–१ | ०.५ | गा.पा.को बार्षिक योजना तथा बजेट बुक । | |
| **३** | **योजना कार्यान्वयन, अनुगमन/नियमन र मूल्याङ्कन** | **७** | **४.५** | | |
| क | उपभोक्ता समिति गठन गर्दा आम भेला गर्ने गरिएको छ वा छैन ? उक्त भेलामा सहजीकरणका लागि कर्मचारी वा महिला वडा सदस्यहरुको भुमिका हुने गरेको छ वा छैन ? | ०–१ | ०.५ | आम भेला को माइन्युट, फोटो । योजना खाता । | |
| ख | उपभोक्ता समितिमा कम्तिमा ३३ प्रतिशत महिलाको सहभागिता छ वा छैन ? साथै अध्यक्ष, सचिव र कोषाध्यक्षमध्ये कम्तीमा एकजना महिला सदस्य रहने व्यवस्था छ वा छैन ? | ०–१ | १ | बैठकको माइन्युट, फोटो । योजना खाता । | |
| ग | उपभोक्ता समितिमा लैङ्गिक तथा वहिस्करणमा परेका व्यक्ति र समुह, लाभान्वित समूह उपस्थिति रहेको | ०–१ | ०.५ | बैठकको माइन्युट, फोटो । योजना खाता । | |

| क्र.स. | सूचक र उप-सूचकहरू | अंक | प्राप्ताङ्क | पुष्ट्याई को आधार | कैफियत |
|---|---|---|---|---|---|
| | अवस्थामा तिनीहरूको समेत प्रतिनिधित्व हुने गरेको छ वा छैन ? | | | | |
| घ | योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४ बमोजिम गठित सुपरिवेक्षण तथा अनुगमन समितिले अनुगमनका सूचकहरु वनाउदा लैससास सम्वन्धी सूचकहरु समावेश गरी सूचक वनाइएको छ वा छैन ? र अनुगमन प्रतिवेदन कार्यपालिकामा छलफल हुन्छ वा हुदैन ? | ०–१ | ०.५ | अनुगमन समितिको प्रतिवेदन । | |
| ङ | गत आ.व.को वार्षिक योजनामा लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहको उत्थानका लागि तर्जुमा गरिएका कार्यक्रम तथा वजेटको कार्यान्वयन पूर्णरुपमा भए वा भएनन् ? | ०–१ | १ | लक्षित कार्यक्रम सबै भएको । गा.पा. आर्थिक तथा प्रगती प्रतिवेदन । | |
| **च** | सञ्चालित कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्दा लैंगिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहलाई लागत अनुरुप पुगेको लाभ, असर र प्रभाव विश्लेषण गर्ने गरिन्छ ? स्थानीय तहले रुपान्तरणीय विकासको लागि सबै वर्ग वा व्यक्तिहरुलाई ज्ञान तथा सीप विकास गर्ने गरको छ वा छैन ? | ०–१ | ०.५ | तालिम व्यानर, फोटो, उपस्थिती, तालिम प्रतिवेदन । | |
| **छ** | नियमित रुपमा सबै प्रकारका सरोकारवालाहरुको सहभागितामा लैससास सम्वन्धी छलफल, सिकाई आदानप्रदान हुने गरेको छ वा छैन ? के यस्ता सिकाईहरु कार्यक्रम/योजना तयार वा नीति निर्माण गर्दा समावेश गर्ने गरिन्छ ? | ०–१ | ०.५ | बैठक माइन्युट । | |
| ४ | **आन्तरिक संरचना** | ७ | ४ | | |
| क | गाउँपालिकामा गठीत न्यायिक समिति र वडा तहका मेलमिलाप केन्द्रमा लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहको प्रतिनिधित्व भएको छ वा छैन ? | ०–१ | ०.५ | आंशिक रुपमा समावेश गरिएको । न्यायिक समिति माइन्युट । | |
| ख | न्यायिक समिति र मेलमिलाप केन्द्रमा दर्ता भएका र समाधान गरिएका विवादहरुको खण्डीकृत तथ्यांक ( क्षेत्र र लाभान्वित) को अभिलेख राखिएको छ वा छैन ? | ०–१ | १ | माइन्युट, प्रतिवेदन, । | |
| ग | गाउँपालिकाले गठन गर्ने गरेका समितिहरु, उपसमिति तथा कार्यदलमा लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहको समानुपातिक प्रतिनिधित्व भएको छ वा छैन ? | ०–१ | ०.५ | समानुपातिक प्रतिनिधित्व नभएको । | |
| घ | सामाजिक विकास शाखा/महिला तथा वाल विकास शाखा अन्तर्गत लैससास सम्पर्क व्यक्ति तोकिएको छ वा छैन ? | ०–१ | ०.५ | कर्मचारी नियुक्ती पत्र । | |

| क्र.स. | सूचक र उप-सूचकहरू | अंक | प्राप्ताङ्क | पुष्ट्याई को आधार | कैफियत |
|---|---|---|---|---|---|
| ङ | लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहहरुको विकासको लागि छुट्टै कोष तथा वजेटको व्यवस्था भएको छ (जस्तै वाल विकास कोष, अपाङ्गता विकास कोष, छात्रवृति कोष, दलित उत्थान विकास कोष आदि) ? उनीहरूको सक्रियता र आवश्यकता अनुसार कार्यक्रम तर्जुमा गर्ने गरिएको छ वा छैन ? | ०–१ | ० | | |
| **च** | बाल हेल्पलाइन १०९८, बालबालिका हराएमा वा भेटिएमा १०४, महिला तथा बालबालिकामाथि हुने हिंसाको वारेमा उजुरी गर्न सकिने राष्ट्रिय महिला आयोगको टोल फ्रि नं. ११४५, घरेलु हिंसा जस्ता उपयोगी जानकारीहरु समुदाय स्तरसम्म प्रभावकारी ढंगबाट सूचना प्रवाह गर्न स्थानीय संयन्त्र प्रयोग गरी लाभग्राहीहरुलाई सूचना प्रवाह गरिने गरेको छ वा छैन ? | ०–१ | १ | कार्यक्रम व्यानर, फोटो, प्रतिविदन र उपस्थिती । | |
| **छ** | गाउँपालिकाले टोल विकास संस्था तथा समुदायमा आधारित संस्थाहरु वा समितिहरु (जस्तैः महिला समुह, आमा समुह, वाल क्लब, संचार समुह, कृषि समुह) दर्ता/सूचीकृत गरी सक्रियरुपमा संचालनमा ल्याईएको छ वा छैन ? | ०–१ | ०.५ | कार्यविधि तयार भएको । | |
| **५** | **क्षमता विकास** | ७ | ४ | | |
| क | गाउँपालिकामा स्थानीय सरकारको संस्थागत स्व-मूल्याङ्कन गरी क्षमता विकास कार्ययोजना बनाईएको छ वा छैन ? यस्ता कार्ययोजनाका लागि आवधिक, क्षेत्रगत र वार्षिक कार्यक्रममा समावेश गरी कार्यान्यवन गरिएको छ वा छैन ? | ०–१ | ० | | |
| ख | गाउँपालिकाले संचालन गर्ने क्षमता विकास कार्यक्रमहरुमा सहभागिहरुको छनौट गर्दा लैङ्गिक तथा सामाजिकरुपमा बहिष्करणमा परेका व्यक्ति र समुहलाई विशेष प्राथमिकतामा राखेर आवश्यकता पहिचानका आधारमा गर्ने गरिएको छ वा छैन ? | ०–१ | ०.५ | माइन्युट, उपस्थिती । | |
| ग | गाउँपालिकाले स्वरोजगार वृद्धि गर्ने तथा बैदेशिक एवं रोजगारीमा जाने समुहको क्षमता विकासको लागि कार्यक्रमहरू तय गरी कार्यान्वयवन गर्ने गरको छ वा छैन ? स्थानीय तहले रुपान्तरणीय विकासको लागि सबै वर्ग वा व्यक्तिहरुलाई ज्ञान तथा सीप विकास गर्ने गरेको छ वा छैन ? | ०–१ | ०.५ | स्वरोजगार वृद्धि गर्ने कार्यक्रम गर्ने गरेको । कार्यक्रम प्रतिवेदन । | |
| घ | तालिम प्राप्त व्यक्तिहरुको क्षमतामा आएको परिवर्तनका सम्बन्धमा प्रभावकारी अनुगमन गर्ने गरेको छ वा छैन ? तालिमप्राप्त व्यक्ति वा सेवाप्राप्त गर्ने समुदायको आर्थिक तथा सामाजिक | ०–१ | ०.५ | अनुगमन भएको तर अभिलेखिकरण नभएको । | |

| क्र.स. | सूचक र उप-सूचकहरू | अंक | प्राप्ताङ्क | पुष्ट्याई को आधार | कैफियत |
|---|---|---|---|---|---|
| | सशक्तिकरणमा परिवर्तन भएको अभिलेखिकरण गर्ने गरिएको छ वा छैन ? | | | | |
| ङ | गाउँपालिकाका पदाधिकारी तथा कर्मचारीहरुको क्षमता विकास तालिममा लैससास सम्वन्धी छुट्टै विषय राखि तालिम दिने गरेको छ वा छैन ? | ०–१ | १ | लैससास ३ दिने तालिमा भएको। तालिम प्रतिवेदन। | |
| च | गाउँपालिकाले महिलाहरुका रणनीतिक आवश्यकता पुरा गर्नका लागि लोक सेवा आयोग तयारी कक्षा, ग्रामीण महिला प्राविधिकहरु (पशु सेवा, कृषि, स्वास्थ्य र पूर्वाधार सम्बन्धी) तयार गर्ने गरेको छ वा छैन ? | ०–१ | १ | लोक सेवा तयारी कक्षा संचालन कार्यक्रम। | |
| छ | लैससास विकासको लागि संघीय सरकार अन्तर्गतका संवैधानिक आयोगहरु, प्रदेश सरकार तथा जिल्लास्तरका कार्यालयहरुसंग समन्वय गर्ने गरिएको छ वा छैन ? | ०–१ | ०.५ | भ्रमण आदेश, पत्र, । | |
| ६ | **नेपाल सरकारका लैङ्गिक समानता तथा सामाजिक समावेशी विकासका नीति र प्रतिवद्धता** | ७ | ४ | | |
| क. | महिला विकासका लागि भएका बेईजिङ घोषणा पत्रका बाह्रवटा प्रतिवद्धता र दिगो विकासका सत्रवटा लक्ष्यहरु, बाल अधिकार, जातीय विभेद विरुद्धको अन्तराष्ट्रिय महासन्धी (ICERD), ILO, अपांगता भएका व्यक्तिहरुको अधिकार संरक्षण गर्ने महासन्धि आदिको वारेमा स्थानीय सरकारका प्रतिनिधि र कर्मचारीहरुलाई अभिमुखिकरण गरिएको छ ? कोहि पनि पछाडी नछुटुन् भन्ने कुराको सुनिश्चितताको लागि अध्ययन र विश्लेषण गरी तथ्याङ्क अद्यावधिक गरिएको छ ? | ०–१ | ०.५ | Leave No one behind orientation उपस्थिती, फोटो। | |
| ख. | लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहको साथै जोखिममा परेका समुदायका लागि विशेष कार्यक्रम सहित दिगो विकासका लक्ष्यहरुको स्थानीयकरणका लागि स्थानीय तहले सरोकारवालाहरुसँगको सहकार्यमा कार्य गरिएको छ वा छैन ? | ०–१ | ०.५ | कार्यक्रम प्रतिवेदन, माइन्युट। | |
| ग. | महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धि (CEDAW) कार्यान्वयनका लागि तयार गरिएको राष्ट्रिय कार्ययोजना र संयुक्त राष्ट्रसंघीय सुरक्षा परीषदबाट पारीत प्रस्ताव नं. १३२५ र १८२० को कार्यान्वयन राष्ट्रिय कार्ययोजनामा स्थानीय सरकारको जिम्मेवारी भनी उल्लेख गरेका कार्यक्रम हरुमा रकम विनियोजन गरेको छ वा छैन ? | ०–१ | ० | | |
| घ. | महिला विरुद्ध हुने सबैखालको हिंसा निर्मुल गर्ने कार्यक्रमहरु र सो अनुसारको वजेट विनियोजन गरी कार्यक्रम समयमै सम्पन्न गरेको छ ? | ०–१ | १ | गा.पा. आर्थिक तथा प्रगती प्रतिवेदन। बार्षिक बजेट तथा कार्यक्रम। | |

| क्र.स. | सूचक र उप-सूचकहरू | अंक | प्राप्ताङ्ग | पुष्ट्याई को आधार | कैफियत |
|---|---|---|---|---|---|
| ङ | महिला अधिकार स्थापना र महिला माथि हुने हिंसा विरुद्धको विभिन्न दिवस र अभियान जस्तै महिला हिंसा विरुद्धको १६ दिने अभियान, किशोरी दिवस, अन्तराष्ट्रिय महिला दिवस, स्वच्छ महिनावारी दिवस सम्बन्धी कार्यक्रम संचालन गर्ने गरेको छ वा छैन ? | ०–१ | ०.५ | १६ दिने अभियान, अन्तराष्टि्य महिला दिवस भव्य रुपमा मनाइएको । फोटो, व्यानर, । | |
| **च** | संयुक्त राष्ट्रसंघीय वाल अधिकार महासन्धी १९८९ मा गरिएको प्रतिवद्धता कार्यान्वयनका लागि वजेट विनियोजन सहित कार्यक्रम तयार गरी समयमै सम्पन्न गरेको छ वा छैन ? | ०–१ | १ | गा.पा. आर्थिक तथा प्रगती प्रतिवेदन । बार्षिक बजेट तथा कार्यक्रम । | |
| छ | समाजमा विद्यमान जातीय विभेद र छुवाछुत सम्बन्धी सामाजिक, सांस्कृतिक र धार्मिक कुरीति र अभ्यास हटाउनका लागि वजेट विनियोजन सहित कार्यक्रम तयार गरी समयमै सम्पन्न गरेको छ वा छैन ? | ०–१ | ०.५ | ग.पा.बार्षिक बजेट तथा कार्यक्रम । | |
| **७** | **सेवा प्रवाह र संस्थागत संस्कृति** | **७** | **४.५** | | |
| क | लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करण र जोखिममा परेका व्यक्ति र समुदायको नक्सांकन तथा वार्षिकरुपमा अद्यावधिक गर्ने गरेको छ वा छैन ? | ०–१ | ० | | |
| ख | गत आ.व. मा सेवा सुविधामा पहुँच नभएका समुदायहरुका लागि सेवा प्रवाहमा पहुँच पुर्‍याउन घुम्ति शिविर संचालन भए वा नभएको ? | ०–१ | ०.५ | साझेदारीमा भएको । कार्यक्रम व्यानर, फोटो, उपस्थिती । | |
| ग | बालबालिका, जेष्ठ नागरिक, महिला र अपांगमैत्री भौतिक संरचना (सार्वजनिक स्थल) निर्माण भएका छन् वा छैनन् ? स्थानीय तहले सेवाग्राहीहरु प्रतिक्षारत रहँदा बस्ने ठाऊँको उचित व्यवस्थापन जस्तै पिउने पानी, महिला/पुरुष शौचालय, प्रतिक्षालय आदि छ वा छैन ? | ०–१ | १ | कायैक्रम सम्झौता पत्र, स्थलगत, फोटो । | |
| घ | महिला कर्मचारीहरूको गर्भावस्था र बच्चालाई स्तनपान सम्बन्धी संवेदनशीलतालाई ध्यान दिने गरिएको छ वा छैन (जस्तै गर्भवती महिलालाई जोखिमयुक्त, खतरायुक्त काममा लगाउन नपाइने) ? | ०–१ | १ | ग.पा. लैससास कार्यनिति, । | |
| ङ | राष्ट्रिय तथा स्थानीय अभियान र सम्बन्धित मुद्धाहरुमा (जस्तै निकृष्ट प्रकारको वालश्रम, वाल विवाह, वहुविवाह, दाइजो प्रथा, वोक्सी, छुवाछुत प्रथा तथा घरेलु हिंसा, महिला हिंसा उल्मुलन / नियन्त्रणका लागि) अभियान/चेतनामूलक कार्यक्रमहरु सञ्चालन हुने गरेको छ वा छैन ? | ०–१ | ०.५ | घरेलुहिंसा सम्बन्धि कार्यक्रम संचालन गरेको । व्यानर, फोटो, उपस्थिती, प्रतिवेदन । | |
| च | महिला हिंसा विरुद्दको शुन्य सहनशिलता अपनाईएको छ वा छैन ? कार्यक्षेत्रमा हुने यौनजन्य हिंसा र दुर्व्यवहारको सम्वोधन गर्ने गरिएको छ वा छैन ? | ०–१ | १ | लैससास कार्यनिति । | |

| क्र.स. | सूचक र उप-सूचकहरू | अंक | प्राप्ताङ्क | पुष्ट्याई को आधार | कैफियत |
|---|---|---|---|---|---|
| छ | गाउँपालिकामा लैससासमैत्री आचरण, भाषा, व्यवहार आदि प्रयोगमा आएको छ वा छैन ? यस्तो व्यवस्थाका लागि पहल गरिएको छ वा छैन ? | ०–१ | ०.५ | आंशिक रुपमा छ। | |
| **८** | **सुशासन** | ७ | २.५ | | |
| क | स्थानीय तहले सार्वजनिक सुनुवाई, सार्वजनिक परिक्षण, सामाजिक परिक्षण, लैससास परिक्षण, गुनासो सुनुवाई, सामुदायिक सुचना पाटी, नागरिक वडापत्र जस्ता सामाजिक जवाफदेहिताका औजारहरुको कार्यान्वयन प्रभावकारी ढंगबाट गर्ने गरेको छ वा छैन ? | ०–१ | ०.५ | नागरिक वडा पत्र तयार, सामाजिक परिक्षण, लैससास परिक्षण प्रतिवेदन भएको। | |
| ख | सामाजिक जवाफदेहिताका औजारहरुको प्रयोग गर्दा लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहहरुको सहभागिता सुनिश्चित गर्ने गरिएको छ वा छैन ? | ०–१ | ०.५ | उपस्थिती, माइन्युट। | |
| ग | गाउँपालिकाले नियमित रुपमा आयोजना गर्ने सार्वजनिक सुनुवाईमा बर्हिगमन अभिमत (Exit Poll) र नागरिक प्रतिवेदन पत्र (CRC) गर्ने गरेको छ वा छैन ? | ०–१ | ० | | |
| घ | Website निर्माण गरी विभिन्न सूचनाहरु (बार्षिक नीति, कार्यक्रम तथा बजेट, आय-व्यय, पार्श्वचित्र, जोखिम नक्साकंन, आवधिक तथा रणनीतिक योजनाहरु, पञ्जीकरणको तथ्यांक, सामाजिक सुरक्षा भत्ताको विवरण तथा अन्य नियमित सूचनाहरु आदि) सार्वजनिकिकरण गर्ने गरेको छ वा छैन ? | ०–१ | ०.५ | पञ्जीकरणको तथ्यांक, सामाजिक सुरक्षा भत्ताको विवरण बाहेक अन्य विवरण वेवसाइडमा भएको। | |
| ङ | सार्वजनिक महत्वका सूचनाहरु साथै माथि “घ” मा उल्लेखित विवरण प्रकाशन गरी स्थानीय संचार माध्यम तथा सूचना पाटी वा सवैको पहुँचमा हुने स्थानमा सर्वजनिक गर्ने गरिएको छ वा छैन ? | ०–१ | ० | | |
| च | लैससासका राम्रा अभ्यासहरु, घटना अध्ययन आदिको प्रकाशन गर्ने, स्थानीय तहका समितिहरुमा छलफल गर्ने, अन्य स्थानीय तह, नागरिक समाज तथा प्रदेश र संघ सम्वन्धित निकायहरुसंग आदान प्रदान गर्ने गरेको छ वा छैन ? | ०–१ | ०.५ | बैठकमा छलफल गर्ने गरेको। माइन्युट, उपस्थिती, प्रतिवेदनहरु | |
| छ | लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहहरूको पहुँचका लागि गरिएका सूचना, शिक्षा र संचारको (IEC materials ) प्रवाह गरिएको छ वा छैन ? गरिएको भए त्यसले स्थानीय तहको विकास कार्यहरूमा सहभागितामा वृद्धि ल्याएको छ वा छैन ? | ०–१ | ०.५ | व्यक्तिगत रुपमा सुचना प्रभाह भएको। | |

**अनुसुचि २**
**माकुरे जालो चित्र विश्लेषण :**




| शिर्षक | अंक | प्राप्ताङ्क | प्रतिशत |
|---|---|---|---|
| कानुन तथा नीतिमा लैगिक समानता तथा समावेशीकरण | 7 | 3 | |
| लैससास विश्लेषणमा आधारित योजना तर्जुमा | 7 | 4 | |
| योजना कार्यान्वयन, अनुगमन र मुल्याकंन | 7 | 4.5 | |
| आन्तरिक संरचना | 7 | 4 | |
| क्षमता विकास | 7 | 4 | |
| नेपाल सरकारका लैससास विकासका नीति र प्रतिवद्धता | 7 | 4 | |
| सेवा प्रवाह र संस्थागत संस्कृति | 7 | 4.5 | |
| सुशासन | 7 | 2.5 | |
| **जम्मा:** | | **30.5** | **54.46** |

## अनुसुचि ३:
## सबल पक्ष र सुधार गर्नु पर्ने पक्षहरू

| सबल पक्षहरू | सुधार गर्नुपर्ने पक्षहरू | अवसर | चुनौती |
|---|---|---|---|
| • गाउँपालिकाको लैससास कार्यविधि तथा अपाङता सम्बन्धि नीति तयार गरेको । | • हालसम्म स्वीकृत भएका कानुनहरु र नीतिहरुका बारेमा पदाधिकारी तथा कर्मचारीहरुका लागि अभिमुखिकरण गर्नुपर्ने । | गा.पा.लाई लैससास सम्बन्धि ठोस कार्य गर्ने अवसर छ । | आवश्यक जनशक्तिको अभाव हुनसकने । |
| • गा.पा.को आवधिक योजनाको उद्देश्य, रणनीति तथा नतिजामा लैससास मुद्दालाई संम्बोधन गरेको । | • वार्षिक योजना तर्जुमा गर्दा लैङ्गिक उत्तरदायी बजेट (GRB) तर्जुमा प्रक्रिया अवलम्बन तथा कार्ययोजना तयार गर्नुपर्ने । | लैससासको सिद्धान्तमा आधारित कार्यक्रम तय तथा प्रभावकारी कार्यानवयन गरी नमुना गा.पा. बन्न सक्ने छ | लैससास प्रर्वद्धनका लागि आवश्यक बजेटको अभाव |
| • बस्तीस्तरको योजना तर्जुमा प्रक्रियामा सबै प्रकारका लिङ्ग र समुदायको सहभागिता भएको । | • न्यायिक समिति र मेलमिलाप केन्द्रमा दर्ता भएका र समाधान गरिएका विवादहरुको खण्डीकृत तथ्यांक (क्षेत्र र लाभान्वित) को अभिलेख राख्नुपर्ने । | गा.पा. योजना तर्जुमा, कार्यन्वयन तथा विकास निमार्णको निर्णय लगायत सबै तहमा लेससास को समान सहभागिता हुने । | भौगोलिक विकटता समयमा काम हुन नसक्ने । |
| • बञ्चितिकरण र जोखिममा परेका व्यक्ति र समुदायको उत्थानका लागि विशेष कार्यक्रम तथा बजेट तय कार्यान्वयन भएको । | • लैङ्गिक तथा सामाजिक रुपमा वहिस्करणमा परेका व्यक्ति र समुहहरुको विकासको लागि छुट्टै कोष तथा वजेटको व्यवस्था गर्नुपर्ने । | लैससास सम्बन्धि सुचनाहरु, तथ्याङ्कहरु अद्यावधिक हुने । | समन्वय, सहकार्यको अभाव |
| • उपभोक्ता समितिमा लैससास समान सहभागिता भएको । | • गा.पा.मा स्थानीय सरकारको संस्थागत स्व- मूल्याङ्कन गरी क्षमता विकास कार्ययोजना बनाउनु पर्ने । | लैससास व्यक्ति र समुहको उत्थानका लागि तर्जुमा गरिएका कार्यक्रम तथा वजेटको कार्यान्वयन पूर्णरुपमा हुने । | |
| • गत आ.व.को वार्षिक योजनामा लैससास व्यक्ति र समुहको उत्थानका लागि तर्जुमा गरिएका कार्यक्रम तथा वजेटको कार्यान्वयन पूर्णरुपमा भएको । | • तालिमप्राप्त व्यक्ति वा सेवाप्राप्त गर्ने समुदायको आर्थिक तथा सामाजिक सशक्तिकरणमा परिवर्तन भएको अभिलेखिकरण गर्नुपर्ने । | गा.पा.ले प्रदान गर्ने सेवा प्रभाह लैससास मैत्री हुने । | |
| • लैससास विकासको लागि सबै तहका सरकार तथा जिल्लास्तरका कार्यालयहरुसंग समन्वय भएको । | • महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धि (CEDAW) लगायतका अन्तराष्ट्रिय प्रतिवद्धता कार्यान्वयनका | गा.पा.को सर्वाङिण विकास गरी गरीवी निवारण गर्ने । | |

| | | | |
|---|---|---|---|
| | लागि वजेट विनियोजन तथा कार्यान्वयन गर्नुपर्ने । | | |
| • सेवा सुविधामा पहुँच नभएका समुदायहरुका लागि सेवा प्रवाहमा पहुँच पुऱ्याउन घुम्ति शिविर संचालन भएको । | • लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करण र जोखिममा परेका व्यक्ति र समुदायको नक्सांकन वार्षिकरुपमा अद्यावधिक गर्नुपर्ने । | | |
| • महिला हिंसा विरुद्दको शुन्य सहनशिलता अपनाईएको छ । | • गा.पा.ले सार्वजनिक सुनुवाईमा बर्हिगमन अभिमत (Exit Poll) र नागरिक प्रतिवेदन पत्र (CRC) कार्यन्वयन गर्नुपर्ने । | | |
| | • सूचना, शिक्षा र संचारको (IEC materials ) प्रवाहलाई प्रभावकारी बनाउनुपर्ने । | | |

## अनुसुचि ४ : लैङ्गिक तथा सामाजिक समावेशी विकास कार्ययोजना

## खनियाबास गाउँपालिका

## फागुन, २०७६

| पूर्णाङ्क | प्राप्ताङ्क | अवस्थामा सुधारकालागि आवश्यक कृयाकलाप | मुख्य जिम्मेवारी | | | समया वधी | थप आर्थिक दायित्व व्यहोर्न | |
|---|---|---|---|---|---|---|---|---|
| | | | पहलकर्ता | निर्णयकर्ता | कार्यान्वयन कर्ता | | पर्ने (अनुमानित कति रु. हजारमा) खर्च व्यहोर्ने श्रोत प्रष्ट खुलाउने ) | नपर्ने |
| **१.कानुन तथा नीतिमा लैङ्गिक समानता तथा समावेशीकरण** | | | | | | | | |
| ७ | ३ | १.१. कानुन सम्बीन्ध पदाधिकारी तथा कर्मचारीहरुका लागि अभिमुखिकरण । | उपाध्यक्ष | गा.पा. | गा.पा. | | १ लाख | |
| | | १.२. कानुन र नीतिहरु वेवसाइटमा राखिएको साथै प्रकाशन गरी सवैको पहुँचमा हुने गरी पालिकाका सम्वन्धित शाखाहरु र वडा कार्यालयमा राख्ने । | आइ.टि. | गा.पा. | प्रशासन | | ५० हजार | |
| | | १।३ | | | | | | |
| **२.लैससास विश्लेषणमा आधारित योजना तर्जुमा** | | | | | | | | |
| ७ | ४ | **२.१.** आवधिक, क्षेत्रगत, लैससास नीती अनुरुप वार्षिक नीती तथा कार्यक्रम वनाउने । | योजना शाखा | योजना | गा.पा. | | | |
| | | **२.२** लैङ्गिक उत्तरदायी बजेट (GRB) तर्जुमा प्रक्रिया अवलम्बन तथा कार्ययोजना तयार गर्नुपर्ने । | योजना शाखा | योजना | गा.पा. | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| **३.योजना कार्यान्वयन, अनुगमन र मूल्यांकन** | | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ७ | ४.५ | **३.१.** लैससास सम्वन्धी सूचकहरु समावेश गरी सूचक वनाउने र अनुगमन प्रतिवेदन कार्यपालिकामा छलफल गर्ने । | आइ.टि., प्रशासन | गा.पा. | प्रशासन | | | |
| | | **३.२.** | | | | | | |
| **४.आन्तरिक संरचना** | | | | | | | | |
| ७ | ४ | **४.१.**न्यायिक समिति र मेलमिलाप केन्द्रमा दर्ता भएका र समाधान गरिएका विवादहरुको खण्डीकृत तथ्यांक (क्षेत्र र लाभान्वित) को अभिलेख राख्ने । | कानुनी सहजकर्ता | संयोजक | न्यायिक समिति | | १ लाख | |
| | | **४.२.**सामाजिक विकास शाखा/महिला तथा वाल विकास शाखा अन्तर्गत लैससास सम्पर्क व्यक्ति तोक्ने । | प्रशासन | गा.पा. | ग.पा. | | | |
| | | ४.३ टोल विकास संस्था तथा समुदायमा आधारित संस्थाहरु वा समितिहरु ( जस्तैः महिला समुह, आमा समुह, वाल क्लब, संचार समुह, कृषि समुह) दर्ता/सूचीकृत गर्ने । | प्रशासन | गा.पा. | ग.पा. | | | |
| | | | | | | | | |
| **५.क्षमता विकास** | | | | | | | | |
| ७ | ४ | **५.१.** गा.पा.मा स्थानीय सरकारको संस्थागत स्व-मूल्याङ्कन गरी क्षमता विकास कार्ययोजना तयार गर्ने । | योजना शाखा | योजना | गा.पा. | | | |
| | | **५.२.** गा.पा. स्वरोजगार वृद्धि गर्ने तथा बैदेशिक एवं रोजगारीमा जाने समुहको क्षमता विकासको लागि कार्यक्रमहरू तय गरी कार्यान्वयवन गर्ने । | योजना शाखा | योजना | गा.पा. | | २ लाख | |
| | | ५.३ गा.पा.का पदाधिकारी तथा कर्मचारीहरुको लागि लैससास सम्वन्धी छुट्टै तालिमको व्यवस्था गर्ने । | योजना शाखा | योजना | गा.पा. | | १ लाख | |
| | | ५.४ लैससास विकासको लागि सबै तह तथा जिल्लास्तरका कार्यालयहरुसंग सम्पर्क | उपाध्यक्ष | गा.पा. | गा.पा. | | ५० हजार | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | समन्वयलाई प्रभावकारी बनाउने । | | | | | | |
| **६ नेपाल सरकारका लैससास विकासका नीति र प्रतिवद्धता** | | | | | | | | |
| ७ | ४ | **६.१.** महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धि (CEDAW) लगायतका अन्तराष्ट्रिय प्रतिवद्धता कार्यान्वयनका लागि अभिमुखिकरण गर्ने । | योजना शाखा | योजना | गा. पा. | | १ लाख | |
| | | **६.२.** महिला विरुद्ध हुने सबैखालको हिंसा निर्मुल गर्ने सचेतनामुलक कार्यक्रम संचालन गर्ने । | योजना शाखा | योजना | गा. पा. | | १ लाख | |
| **७ सेवा प्रवाह र सस्थागत सस्कृति** | | | | | | | | |
| ७ | ४.५ | **७.१.** लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करण र जोखिममा परेका व्यक्ति र समुदायको नक्सांकन वार्षिकरुपमा अद्यावधिक गर्ने । | आई.टी. | प्रशासन | प्र. प्र.अ. | | ५० हजार | |
| | | **७.२.** | | | | | | |
| **८. सुशासन** | | | | | | | | |
| ७ | २.५ | **८.१.** गा.पा.ले सार्वजनिक सुनुवाईमा बर्हिगमन अभिमत (Exit Poll) र नागरिक प्रतिवेदन पत्र (CRC) कार्यन्वयन गर्ने । | प्र.प्र.अ. | गा.पा. | गा. पा. | | ५० हजार | |
| | | **८.२.**सूचना, शिक्षा र संचारको (IEC materials ) प्रवाहलाई प्रभावकारी बनाउने । | आई.टी. | प्रशासन | प्र. प्र.अ. | | ५० हजार | |

# अनुसुचि ५:

(प्रतिवेदन लेखनका लागि)

## लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी परिक्षणबाट आएका प्रमुख प्राप्तिहरू

(Major Findings)

| मुख्य सुचक | प्रमुख प्राप्तिहरू |
|---|---|
| **१ गाँउालिकाको कानुन तथा नीतिमा लैङ्गिक समानता तथा समावेशीकरण** | यस गाउँपालिकाको आवधिक योजना यस आ.व.मा तयार भई कार्यान्व्यनमा ल्याइएको पाइयो । साथै गाउँपालिकाको लैससास कार्यविधि तथा अपाङता सम्बन्धि नीति तयार गरेको । गा.पा.को आवधिक योजनाको उद्देश्य, रणनीति तथा नतिजामा लैससास मुद्दालाई संम्बोधन गरेको पाइयो ।<br><br>हालसम्म स्वीकृत भएका कानुनहरु र नीतिहरुका बारेमा पदाधिकारी तथा कर्मचारीहरुका लागि अभिमुखिकरण गर्नुपर्ने । |
| **२. लैससास विश्लेषणमा आधारित योजना तर्जुमा** | यस गाउँपालिकाले बञ्चितिकरण र जोखिममा परेका व्यक्ति र समुदायको उत्थानका लागि विशेष कार्यक्रम तथा बजेट तय कार्यान्वयन भएको पाइयो । बस्तीस्तरको योजना तर्जुमा प्रक्रियामा सबै प्रकारका लिङ्ग र समुदायको सहभागिता भएको । |
| **३. योजना कार्यान्वयन, अनुगमन र मूल्यांकन** | उपभोक्ता समितिमा महिला तथा लक्षित बर्गको सहभागिता हुने गरेको । उपभोक्ता समितिको कार्यकारी पदमा कम्तिमा १ जना महिला अनिवार्य रहने गरेको । ३३ प्रतिशत महिलाको सहभागीता उपभोक्ता समितिमा हुने गरेको पाइयो । |
| **४ आन्तरिक संरचना** | गा.पा.बाट सञ्चालित विभिन्न कार्यक्रमहरुको अनुगमन तथा मूल्यांकनमा लक्षित समूहहरुको प्रभावकारी भूमिका भएको । महिला विकासको लागि तय भएको कार्यक्रम र बजेटको उपयोगिताको बारेमा अनुगमन नहुने गरेको । नगरले लक्षित वर्ग तथा समूहहरुलाई योजना व्यवस्थापनका विभिन्न अवस्थाहरुमा सकृय सहभागिताको सुनिश्चितता गर्नु पर्ने ।<br>लैङ्गिक तथा सामाजिक रुपमा वहिस्करणमा परेका व्यक्ति र समुहहरुको विकासको लागि छुट्टै कोष तथा वजेटको व्यवस्था गर्नुपर्ने । |
| **५ क्षमता विकास** | गाउँपालिकाले संचालन गर्ने क्षमता विकास कार्यक्रमहरुमा सहभागिहरुको छनौट गर्दा लैङ्गिक तथा सामाजिकरुपमा बहिष्करणमा परेका व्यक्ति र समुहलाई विशेष प्राथमिकतामा राखेर आवश्यकता पहिचानका आधारमा गर्ने गरिएको । लैससास विकासको लागि सबै तहका सरकार तथा जिल्लास्तरका कार्यालयहरुसंग समन्वय प्रभावकारी बनाउनुपर्ने देखिन्छ । |
| **६ नेपाल सरकारका लैङ्गिक समानता तथा सामाजिक समावेशी विकासका नीति र प्रतिवद्धता** | महिला विरुद्ध हुने सबैखालको हिंसा निर्मुल गर्ने कार्यक्रमहरु र सो अनुसारको वजेट विनियोजन गरी कार्यक्रम समयमै सम्पन्न गरेको पाइयो । महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धि (CEDAW) लगायतका अन्तराष्ट्रिय प्रतिवद्धता कार्यान्वयनका लागि वजेट विनियोजन तथा कार्यान्वयन गर्नुपर्ने । |
| **७ सेवा प्रवाह र सस्थागत सस्कृति** | गाउँपालिकामा महिला हिंसा विरुद्दको शुन्य सहनशिलता अपनाईएको छ । गा.पा. ले सेवा सुविधामा पहुँच नभएका समुदायहरुका लागि सेवा प्रवाहमा पहुँच पुऱ्याउन घुम्ति शिविर संचालन भएको । लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करण र जोखिममा परेका व्यक्ति र समुदायको नक्सांकन वार्षिकरुपमा अद्यावधिक गर्नुपर्ने । |
| **८.सुशासन** | गा.पा.ले धभदकस्तभ मार्फत सुचना प्रवाह गरेको । सार्वजनिक सुनुवाईमा बर्हिगमन अभिमत (Exit Poll) र नागरिक प्रतिवेदन पत्र (CRC) कार्यन्वयन गर्नुपर्ने । |

DATE:

आज मिति २०७६ फागुन १४ गते बुधबारका दिन यस खनियाबास गाउँपालिकाको को अध्यक्ष श्री ओममाया तामाङ ज्यू को संयोजकत्व तथा यस गा.पा.का प्रमुख प्रशासकिय अधिकृत श्री बिष्णु प्रसाद गुरुङ ज्यूको आतिथ्यता, यस गा.पा. को लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण अभिमुखिकरण तथा परीक्षण, निम्न अनुसारका महानुभावहरुको उपस्थितीमा सम्पन्न गरियो।

तपसिल उपस्थिति

१) श्री ओममाया तामाङ (अध्यक्ष) - संयोजक -
२) श्री बिष्णु प्रसाद गुरुङ (प्र.प्र.अ.) - -
३) प्र.इ. सुक बहादुर कुमाल (इ.प्र.का. धारकी
४) राजेन्द्र प्रसाद पौडेल (ना.प.स्वा.प्रा.)
५) दुर्गा बहादुर शाही मारुख
६) जीवन गुरुङ, पुर्तिमा गाउपालिका इन्जिनियर
७) प्रज्वल तामाङ खनियाबास गाउपालिका सब-ईन्जिनियर
८) सानु गुरुङ (तामाङ) खनियाबास गा.पा.
९ प्रेम बहादुर गुरुङ नेपाली कांग्रेस गा.पा. सभापति
१० भगवान [illegible] ने.क.पा. पार्टी प्रतिनिधि
११. सिर्जना तामाङ गणक खनियाबास गा.पा.२
१२. सबिता तामाङ सुपरिवेक्षक खनियाबास गा.प.३
१३, मेघ बहादुर तामाङ गणक खनियाबास -४,
१४, सन्त बं. तामाङ " ५
१५. सुर्य बहादुर तामाङ " २
१६. राजेश रिजाल " - ५
१७, [illegible] तामाङ (S.m) नेपाल राष्ट्रिय पुनर्निर्माण,
१८ मान बहादुर तामाङ खनियाबास - ०२
१९. दीपक खड्का - क. अपरेटर - खनियाबास गा.पा.
२०. सुर्मिला थापा मगर एम.आई.एस. अपरेटर
२१. बिलामान तामाङ प्रशासन शाखा
२२. छेगासेम तामाङ
२३ रुपराम बहादुर तामाङ
२४ धन कामा तामाङ
२५. प्रमिला बि.क. ३ नं. वडा सदस्य
२६. याम कुमारी गुरुङ श्री दार्वा सा.बि.कृ.स.स.लि.
२७) गंगा बहादुर थापा खनियाबास गा.पा.०४

DATE:

१५) शेखर कार्की – सविना (योजना सल्लाहकार) -

यस गोष्ठीले GESI Audit सम्बन्धि उल्लेखित इन्डिकेटरहरु कार्यविधि बमोजिमको विषयमा व्यापक रुपमा छलफल गरी ८ वटा शीर्षक अन्तर्गत ५६ अंकमा ३० अंक प्राप्त गरी ५३.५७% प्राप्त भएको र सोही अनुसार Gap विश्लेषण गरी आगामी कार्य योजना तयार गरियो। GESI Audit प्रतिवेदन पालिकामा छिट्टै तयार गरी पेश गरिनेछ।